# नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको आठौं प्रदेश सभामा अध्यक्ष श्री राजेन्द्र राउतबाट प्रस्तुत स्वागत मन्तव्य

सर्वप्रथम, हाम्रो आमन्त्रण स्वीकार गरी नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको आठौं प्रदेश सभाको यस गरिमामय समारोहमा पाल्नुभएका आजका प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री चन्द्रप्रसाद ढकालज्यू, विशिष्ट अतिथि नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष श्री अन्जन श्रेष्ठज्यू, विशिष्ठ अतिथि सार्क चेम्वर अफ कमर्शका अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष श्री चण्डीराज ढकालज्यू, प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष तारानाथ निरौलाज्यू, विराटनगर महानगरपालिकाका प्रमुख श्री नागेश कोइरालाज्यू, कोशी प्रदेश सरकारका प्रमुख सचिव श्री राजेन्द्रकुमार पौडेलज्यू, कोशी प्रदेश सरकारका विभिन्न मन्त्रालयका सचिवज्यूहरु, प्रमुख जिल्ला अधिकारीज्यू, प्रहरी नायब महानिरिक्षकज्यू, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री सुरकृष्ण वैद्यज्यू, श्री हेमराज ढकालज्यू, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्यज्यूहरु, जिल्ला/नगर उद्योग वाणिज्य संघका अध्यक्षज्यूहरू, वस्तुगत संघका अध्यक्षज्यूहरु, प्रतिनिधिज्यूहरू, एशोसिएट सदस्यज्यूहरू, सरकारी तथा गैरसरकारी निकायका उच्चपदस्थ पदाधिकारीज्यूहरू, स्थानीय प्रहरी प्रशासनका प्रमुखज्यूहरु, सञ्चारकर्मीज्यूहरु, उद्योगी व्यवसायी लगायत यस समारोहमा उपस्थित आदरणीय सम्पूर्ण महानुभावहरूमा स्वागत अभिवादन गर्दछु ।

**आदरणीय महानुभावहरू,**

वि.सं. २०७९ सालमा तपाईंहरूको अमूल्य विश्वास र समर्थनबाट उपलब्ध भएको नेपाल उद्योग वाणिज्य संघ कोशी प्रदेशको नेतृत्व सम्हाल्ने अवसरलाई मैले पदका रुपमा नभई एक महत्वपूर्ण

जिम्मेवारीका रूपमा ग्रहण गरेको थिएँ। विगत तीन वर्षको यो यात्रा मेरा लागि चुनौती, संघर्ष र सिकाइले भरिएको एक महत्वपूर्ण अध्याय बनेको छ ।

हामीले नेतृत्व सम्हाल्दा देशको अर्थतन्त्र निकै असहज अवस्थामा थियो । उद्योग तथा व्यवसायहरू सुस्त थिए, लगानीको वातावरण अनिश्चित थियो र समग्र निजी क्षेत्रको मनोबल कमजोर बनेको थियो । यस्तो कठिन घडीमा हामीले आम लगानीकर्ताहरुमा आशाको सञ्चार प्रवाह गर्ने प्रयास गरेका छौं ।

यसका लागी मलाई अहोरात्र सहयोग गर्ने मेरा कार्य समितिका साथीहरु, जिल्ला नगर उद्योग वाणिज्य संघका अध्यक्षज्यूहरु, वस्तुगत संघका अध्यक्षज्यूहरु, उद्योग प्रतिष्ठानका संचालकज्यूहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद दिन चाहन्छु ।

हाम्रो सामुहिक प्रयासको प्रतिफल स्वरुप आर्थिक क्षेत्रमा सुधारका संकेतहरू देखिएता पनि देश भित्र र वाहिर अनपेक्षित रुपमा उत्पन्न परिस्थितिका कारण हामीले थप अन्योलता र चुनौतीको सामना गर्नु पर्ने अवस्था आइपरेको छ । अर्कातर्फ जेन्जी आन्दोलन पछि नयाँ निर्वाचन भई नयाँ जनादेश प्राप्त भएसँगै राजनीतिक अस्थिरताका कारण निजी क्षेत्रप्रतिको राज्यको दृष्टिकोणमा पटक पटक आइरहने परिवर्तनको क्रम रोकिने र पुर्वानुमानयोग्य र लगानीमैत्री वातावरण निर्माण हुनसक्ने अपेक्षा राख्न सक्ने अवस्थामा हामी पुगेका छौं ।

विद्यमान चुनौतीहरूको सामाना गर्न र उपलब्ध नयाँ अवसरहरुलाई आर्थिक गतिविधि एंव लगानी विस्तारमा उपयोग गर्नका लागि हामीले अवलम्बन गरेका नीतिहरू, सुधारका प्रयासहरू तथा बहुपक्षीय साझेदारी र सहकार्यको अभ्यासले सकारात्मक आधार तयार पारिरहेको छ ।

आगामी दिनहरूमा अझ सशक्त समन्वय, नीतिगत स्थिरता र नवप्रवर्तनलाई प्राथमिकता दिँदै अर्थतन्त्रलाई चलायमान र सुदृढ

बनाउन हाम्रो प्रयासले सार्थकता पाउने विश्वास लिएका छौं । त्यसका लागि हाम्रो प्रतिबद्धता यथावत् रहने छ ।

विगत तीन वर्षमा हामीले निजी क्षेत्रको आवाजलाई नीतिगत तहसम्म पु¥याउने कामलाई प्राथमिकता दियौ ं। जिल्ला/नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघ तथा व्यवसायिक प्रतिष्ठानहरुबाट आएका सुझावहरुलाईलाई आधार बनाएर संघीय, प्रदेश र स्थानीय सरकारसँग निरन्तर संवाद, नीति बहस र सहकार्यमार्फत लगानीमैत्री वातावरण निर्माणका लागि हामीले प्रयास गर्यौं ।

कृषि र उद्योग क्षेत्रलाई चलायमान बनाउन रोजगार मेला, कृषि एक्स्पो, एपरेन्टसीप तालिम, कोशी प्रदेशको पार्श्वचित्र प्रकाशन, आर्थिक बृद्धि र लगानीका क्षेत्र पहिचान, कोशी प्रदेश लगानी सम्मेलन जस्ता कार्यक्रमहरु मार्फत हामीले हाम्रा प्रयासलाई व्यवस्थित र प्रभावकारी रुपमा सम्वन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गर्न सक्षम भयौं ।

डिजिटल अर्थतन्त्रको आवश्यकता महसुस गर्दै व्यवसाय विकास सेवा र डिजिटल प्रणालीको सुरुवात गरेका छौं । यसले साना तथा मझौला व्यवसायलाई सहयोग पुगेको छ । विभिन्न परियोजनाहरु संग सहकार्य गरेर कृषि बजार विकास, औद्योगिक प्रशिक्षार्थी प्रशिक्षण कार्यक्रम र बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई आर्थिक एकीकरण जस्ता कार्यक्रम संचालन गरिएका छन् । यसका साथै, महासंघको आफ्नै भवन निर्माणका लागि जग्गा खरीद गरी निर्माण कार्य द्रुत गतिमा अघि बढिरहेको र आगामी कार्यकाल भित्र उक्त भवनको निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य लिएको छु ।

यस सभामा म भवन निर्माण कार्यमा सहयोग गर्नु हुने कोशी प्रदेश सरकार, जिल्ला/नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघका साथै सहयोगी दाताहरुलाई धन्यवाद ज्ञापन व्यक्त गर्दछु । जिल्ला/नगर उद्योग वाणिज्य संघहरूको अभिलेख प्रणाली सुधार सहित संस्थागत

क्षमता विकासका कार्यले हाम्रो कार्यकालमा उल्लेख्य प्राथमिकता पायो यसले संस्थागत सुदृढीकरणको आधार तयार  गरेको छ ।

**आदरणीय प्रमुख अतिथिज्यू,**

आज हामी केवल आन्तरीक चुनौतीहरू मात्र होइन, अर्न्तराष्ट्रिय परिस्थितिबाट पनि प्रभावित भएका छौं । हाल अमेरिका-इरानबीच बढ्दो द्वन्द्वका कारण विश्व बजारमा तेलको आपूर्ति प्रभावित भई मूल्य तीव्र रूपमा बढिरहेको छ, जसले विश्वव्यापी महँगी बढाउने जोखिम सिर्जना गरेको र यसको प्रत्यक्ष असर नेपाल जस्तो आयातमुखी अर्थतन्त्रमा पर्ने निश्चित छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धि हुँदै जाँदा ढुवानी, उत्पादन र दैनिक उपभोग्य वस्तु सबै महँगो हुने र सर्वसाधारणदेखि उद्योग व्यवसायसम्मलाई प्रत्यक्ष असर पार्ने देखिन्छ ।

यससँगै अर्को गम्भीर पक्ष भनेको हाम्रो अर्थतन्त्रको अत्याधिक विप्रेषण निर्भरता हो। नेपालमा रेमिट्यान्स र कुल गार्हस्थ्य उत्पादनको अनुपात करिव २५ प्रतिशत पुगिसकेको विद्यमान अवस्थामा मध्यपूर्व क्षेत्रमा देखिएको अस्थिरताले रोजगारी र आम्दानी दुवैमा असर पार्ने र यो अवस्था लामो समय रहेमा देशको आर्थिक गतिविधी र समग्र अर्थतन्त्र नै संकुचित हुनसक्ने जोखिम छ । यस्तो जोखिम न्यूनिकरणका लागि देशभित्रै उत्पादन, रोजगारी र नागरिकको हातमा खर्चयोग्य आम्दानी बृद्धि हुने अवस्था सिर्जना गर्नुपर्ने छ ।

महासंघले स्थानीय, प्रदेश र संघीय सरकारसँग मिलेर काम गर्न सकेमा मात्र हामीले चाहेको आर्थिक अवस्था निर्माण गर्न सक्छौं । निजी क्षेत्रले पनि आन्तरिक र वाह्य बजारको मागमा आधारित रहेर स्वदेशमा उत्पादनमुलक उद्योग विस्तार गर्ने तर्फ ध्यान दिनुपर्ने अवस्था छ ।

नेपालमा उत्पादनमूलक उद्योग, विशेषगरी निर्माण, कृषि प्रशोधन, ऊर्जा र निर्यातमुखी उद्योगहरू स्थापना गर्न सरकार र निजी क्षेत्रले मिलेर दीर्घकालीन योजना बनाउनु आवश्यक छ । तुलनात्मक लाभका वस्तु तथा सेवा पहिचान गरी नीतिगत सुधार, आर्थिक पुर्वाधार विकास र आन्तरिक तथा वाह्य लगानी विस्तारबाट आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न सकेमा मात्र आर्थिक विकास र स्थायित्व संभव छ ।

कोशी प्रदेशमा चिया, अदुवा, अलैंची, कफी, तरकारी, दुध र मासु लगायत तुलनात्मक कृषि, पशुपालनमा आधारित प्राथमिक उत्पादन र प्रशोधन, उद्योग एंव पर्यटन क्षेत्रमा अपार सम्भावना छ । जलविद्युत प्रदेशको अर्को महत्वपुर्ण तुलनात्मक लाभको क्षेत्र हो । यसलाई उल्लेखित सम्भाव्य क्षेत्रको विकास र विस्तारबाट प्रदेशमात्र नभई सिंगो मुलुकको आर्थिक विकासमा कोशी प्रदेशले योगदान गर्नसक्छ ।

जनताको परिवर्तनको चाहनालाई पुरा गर्न नसक्दा देशमा भएका हरेक आन्दोलनमा हाम्रो मुलुकले ठूलो क्षति बेहोर्नु परिरहेको छ । गत भदौ महिनामा भएको जेनजी आन्दोलन साँच्चिकै निजी क्षेत्रका लागि अत्यन्तै पीडादायी र चुनौतीपूर्ण रहेको थियो ।

जब व्यवसायिक प्रतिष्ठानहरू–जस्तै भाटभटेनी, पाँचतारे होटलहरू र अन्य उद्योग-व्यवसायहरू प्रत्यक्ष रूपमा लक्षित भएर तोडफोड र आगजनी गरियो, त्यो केवल भौतिक क्षति मात्र होइन, निजी क्षेत्रको आत्मविश्वास माथिको गहिरो चोट थियो । त्यस समयमा व्यवसायीलाई नै समस्याको जडका रूपमा चित्रण गर्ने प्रवृत्ति पनि देखियो, जसले निजी क्षेत्रलाई अझ हतोत्सायी बनायो । तर हामीले बुझ्नुपर्ने कुरा के हो भने, निजी क्षेत्र कुनै एक व्यक्ति वा समूह होइन–यो त देशको अर्थतन्त्रको मेरुदण्ड हो । यदि निजी क्षेत्र निरुत्साहित भयो भने लगानी घट्छ, उद्योगहरू बन्द हुन थाल्छन्,

रोजगारीका अवसरहरू सुक्छन्, युवाहरू विदेशिन बाध्य हुन्छन्, र अन्ततः समग्र अर्थतन्त्र कमजोर बन्छ ।

त्यसैले निजी क्षेत्रमाथि हुने यस्ता आक्रमणको असर धेरै गहिरो र दीर्घकालीन हुन्छ । लगानीको स्रोत पहिचान गर्ने, राजस्व प्रशासन सञ्चालन गर्ने, उद्योग दर्ता, सञ्चालन अनुमती प्रदान गर्ने तथा गैर कानुनी आर्थिक क्रियाकलाप नियन्त्रण र नियमन गर्ने निकायको अक्षमताको भारी निजी लगानीकर्ताले बेहोर्नुपर्ने अवस्था कदापी स्वीकार्य हुँदैन । त्यसैले राज्य संयन्त्रको पारदर्शी र प्रभावकारी भूमिकाको सुनिश्चिता र राज्यका निकायप्रति नागरिकको विश्वास तथा नियामक निकायप्रतिको विश्वसनीयता कायम गर्नका लागि पनि हामीले सबै तहका सरकालाई दवाब दिनु र सहयोग गर्नु आवश्यक देखिएको छ । हामी त्यसप्रति प्रतिवद्ध छौं ।

सुशासन कायम होस् र देशभित्र पर्याप्त रोजगारीको अवसर सिर्जना होस् भन्ने चाहना राखेका नेपाली जनताको अभूतपूर्व साथ र समर्थन बाट नेपालमा सुविधाजनक बहुमतको सरकार निर्माण भएको छ । निजी क्षेत्र मार्फत आर्थिक विकास गर्नुपर्छ भन्ने विचार बोकेको बलियो सरकार निर्माण हुनु नेपालको आर्थिक विकासका लागि महत्वपुर्ण अवसर हुनसक्छ ।

यसै सन्दर्भमा हालै नवनियुक्त अर्थमन्त्रीज्यूले लिनुभएको नीतिगत सुधार, निजी क्षेत्रमैत्री दृष्टिकोण, पुराना कानुन खारेज गर्ने पहल र ‘डेलिभरी’ केन्द्रित कार्यशैलीको प्रतिवद्धतालाई सकारात्मक संकेतका रूपमा लिन सकिन्छ ।

नयाँ सरकारद्वारा स्वीकृत सय बुँदे शासकीय सुधारका कार्यसूचीलाई देशको शासन प्रणालीलाई पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाउने दिशामा महत्वपूर्ण शुरुवातका रुपमा लिन  सकिन्छ । यसले डिजिटल सेवा प्रवाह, प्रशासनिक सुधार, भ्रष्टाचार नियन्त्रण र

लगानीमैत्री वातावरण निर्माण जस्ता विषयहरू समेटी निजी क्षेत्रसँग सहकार्य बढाउने लक्ष्य राखेको छ ।

नेपाल उद्योग वाणिज्य महासंघले उठाएका धेरै मुद्दाहरू समावेश हुनु सकारात्मक कुरा हो । साथै, निजी क्षेत्र संरक्षण तथा प्रवर्द्धन रणनीति (PSPP) पारित हुनु व्यवसाय क्षेत्रका लागि महत्वपूर्ण उपलब्धि मानिएको छ । यस्तो अवस्थामा महासंघलाई नीतिगत सुधार र लगानीमैत्री वातावरण निर्माणमा सरकारसँग मिलेर काम गर्ने अवसर प्राप्त भएको छ ।

अब महासंघले नीतिगत स्थायित्व, लगानीमैत्री वातावरण, कर प्रणाली सुधार, र उद्योगमैत्री कानुन निर्माणमा सरकारसँग अझ प्रभावकारी सहकार्य गर्नुपर्छ । साथै, नयाँ पुस्ताको सोचअनुसार Innovation, Startup Ecosystem, Digital Economy र Green Investment जस्ता क्षेत्रहरूमा थप अग्रसरता देखाउनु आवश्यक छ ।

महासंघले सरकार र निजी क्षेत्रबीच मात्र होइन, निजी क्षेत्रभित्रै पनि एउटा सशक्त "Bridge" पुलको भूमिका खेल्नुपर्छ । महिला उद्यमीहरु, ठूला उद्योगदेखि, मझौला, साना तथा लघु र घरेलु उद्योग तथा व्यवसायसम्म सबैको साझा हितमा काम गर्न विगतका अनुभवबाट थप सुधार गर्नु आवश्यक छ ।

आजको सबैभन्दा ठुलो आवश्यकता भनेको विश्वास (Trust) निर्माण हो । पारदर्शिता, उत्तरदायित्व र सकारात्मक संवादमार्फत निजी क्षेत्रप्रतिको विश्वास पुनःस्थापित गर्नु महासंघको प्रमुख जिम्मेवारी हो ।

तत्कालिन लाभ भन्दा दीर्घकालीन आर्थिक हितका लागि हामी सबैले मिलेर काम गर्नु पर्ने आवश्यकता छ । कोशी प्रदेशमा कृषि, पर्यटन , उद्योग र सेवा क्षेत्र अन्तर्गत तुलनात्मक लाभका बस्तु तथा सेवा उत्पादन र बजारीकरणको सम्भावनामा लगानी गरी प्रदेशलाई आर्थिक रुपमा सबैभन्दा सक्षम र रोजगारीका लागि नेपालकै प्रमूख

गन्तव्यका रुपमा विकास गर्ने प्रणका साथै लक्ष्य केन्द्रित सहकार्य आजको आवश्यकता हो ।

अन्त्यमा, मेरो तीन वर्षे यात्रामा पूर्ण विश्वासका साथ सहयोग, सहकार्य गर्नु हुने  कोशी प्रदेश सरकार, माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु, स्थानीय सरकार, स्थानीय प्रहरी प्रशासन, नेपाल उद्योग वाणिज्य महासंघ, जिल्ला/नगर उद्योग वाणिज्य संघका अध्यक्षज्यूहरु, वस्तुगत संघका अध्यक्षज्यूहरु, मेरा कार्यसमितिका साथीहरु, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरू, साझेदार संस्थाहरू, उद्योगी व्यवसायी लगायत सम्पूर्ण सदस्य महानुभावहरूमा आभार सहित धन्यवाद व्यक्त गर्दछु । यसैगरी वर्तमान कार्य समितिको कार्यकाललाई सफल बनाउन अहोरात्र खटिनुहुने कार्यकारी निर्देशक तथा अन्य कर्मचारीहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

तपाईंहरूको सहयोग बिना यो यात्रा सम्भव हुने थिएन । आगामी दिनमा पनि यस्तै सहकार्य, एकता र प्रतिबद्धताका साथ कोशी प्रदेशलाई आर्थिक रूपमा सबल, आत्मनिर्भर र समृद्ध बनाउने दिशामा अघि बढ्ने विश्वास व्यक्त गर्दै आफ्नो मन्तव्य यहीँ अन्त्य गर्दछु ।

धन्यवाद ।

२०८२ चैत्र २२ गते आईतवार ।